मेची भन्सार कार्यालय, काँकरभिट्टा, झापा

## सवारी तथा ढुवानी साधनको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८२।०१।१५

यस मेची भन्सार कार्यालय काँकरभिट्टा, झापामा रहेका देहाय बमोजिमका सवारी तथा ढुवानीका साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र बोलपत्र खरिद गरी २२(बाइसौं) दिन दिनको १२.०० बजेसम्ममा यस कार्यालयमा दर्ता गराउन हुन ईच्छुक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुलाई आव्हान गरिन्छ । साथै, आफूले कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा काँकडभिट्टा, झापा स्थित नेपाल बैंक लिमिटेडमा रहेको KA 2.9-MECHI BHANSAR KOSH KHATA नं १०६०१०००००२००९००००००१ मा जम्मा गरी सोको दोस्रो सक्कलै भौचर बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ । यस सम्बन्धमा विस्तृत विवरण कार्यालयको सूचना पाटी र वेभसाईट customs.gov.np/mechi साथै भन्सार विभागको वेभसाईट customs.gov.np मा प्रकाशन गर्नुको साथै जिल्ला प्रशासन कार्यालय, भद्रपुर, श्री मेचीनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, मेचीनगर, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भद्रपुर, श्री भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर र श्री मेची उद्योग वाणिज्य संघ, मेचीनगर, झापाको सूचना पाटीमा टाँस गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्न परेमा वा सवारी साधन तथा ढुवानी साधन हेर्न चाहेमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राख्न हुन अनुरोध छ । लिलाम बिक्री हुने सवारी साधनको विवरण, न्यूनतम मूल्य र बोलपत्र दस्तुर देहाय बमोजिम रहेको छ ।

देहाय

| सि.नं. | मुद्दा नं | प्रतिवेदन/मुद्दा दर्ता मिति | सवारी किसिम | सवारी मोडल | ईन्जिन नं | चेसिस नं | उत्पादन वर्ष | सिसि | सवारी रंग | सिलिन्डर संख्या | न्यूनतम कायम मुल्य रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 2081/82-MCH-0174 | २०८१।०७।२१ | SCOOTER | HONDA GRAZIA | JF49EU3213482 | ME4JF49AJJU061642 | 2018 | 125.00 | WHITE | 1 | 35,000.00 | 1,000.00 |
| २ | 2081/82-MCH-0058 | २०८१।०५।०९ | TEMPO मे १ ह ७३१५ | TVS KING GS | AK4GK4X07293 | MD6M14PA7K4G07234 | 2019 | 200.00 | BLUE | 1 | 100,000.00 | 1,000.00 |
| ३ | 2080/81-MCH-0645 | २०८१।०२।०३ | MOTORCYCLE | BAJAJ PULSAR | DHZRGD96465 | MD2A11CZ5GRD46372 | 2016 | 149.01 | BLUE | 1 | 25,000.00 | 1,000.00 |
| ४ | मोटरसाईकल-१ थान, स्कुटर-१ थान, जिप-१, कार -६, क्लोज बडी ट्रक -१ थान, ट्याक्टर ट्रली सहित -१ थान गरी कुल ११ थान कवाडी/पत्रु (SCRAP) सवारी साधन | | | | | | | | | | 1227050.00 | 2,000.00 |

<u>सिलबन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु</u>

१. बोलपत्र फाराम तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी नेपाल बैंक लि. कांकरभिट्टा झापामा यस मेची भन्सार कार्यालयको कोड नं. ३०५०३११२०२, राजश्व शिर्षक नं.१४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरी सक्कल भौचर यस कार्यालयमा पेश गर्ने । यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१।०२।०४ गते) सम्म कार्यालय समयभित्र व्यक्ति/फर्म/संस्थाले बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरीद गर्न आउदा आफूले लिन चाहेको सवारी साधनको सि.नं. र मुद्दा नं. उल्लेख गरी रु. १० को टिकट टाँसी फर्म/कम्पनी/संस्थाहरुको हकमा आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, स्था.ले.नं. प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन स्वयं बोलपत्रदाताले यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरि स्पष्टरुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ ।

४. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खाम बन्दी गरी उक्त खाममा सिलछाप लगाई बोलपत्र फाराम भएको खाममा बोलपत्र सुचनाको सि.नं., मुद्दा नं. र बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ । प्रचलित कानून बमोजिम रीत नपुगी पेश भएको, कार्यालय समयभित्र पेश नभएको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

५. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ । प्रत्येक सि.नं. को छुट्टाछुट्टै बोलपत्र खरीद गरी सोही बमोजिम छुट्टाछुट्टै पेश गरी दर्ता गराउनु पर्नेछ र प्रत्येक सवारी साधनको धरौटी वापतको छुट्टाछुट्टै बैंक भौचर सक्कलै प्रति फाराम साथ संलग्न गर्नु पर्नेछ । बैंक भौचरको फोटोकपीलाई मान्यता दिईने छैन ।

६. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०२।०५ गते) अपरान्ह १२:०० बजेसम्म (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) यस कार्यालयको लेखा शाखामा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन (२०८१।०२।०५ गते) दिउसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिए बमोजिमका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

७. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराइनेछ । साथै मेची भन्सार कार्यालयको वेभ साईट https://customs.gov.np/mechi पनि हेर्न सकिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको सवारी तथा ढुवानी साधनको मूल्य र सोमा प्रचलित कानून बमोजिम लाग्ने कर रकम समेत बुझाई उठाइ लैजानु पर्नेछ ।

८. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई सवारी तथा ढुवानी साधन उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ र तोकिएको म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाइनेछ । समान कबोल अंक परेमा सबैभन्दा पहिले बोलपत्र पेश गर्नेको कबोल अंक स्वीकृत गरिनेछ ।

९. कवाडी/पत्रु (SCRAP) मा लिलाम बिक्री गर्ने गरी/दर्ता नहुने भनी लिलाम भएका सवारी साधनहरुको लिलाम सकार गर्ने बोलपत्र दाताले आफ्नै खर्चमा कार्यालय परिसर भित्रै चेसिस र ईन्जिन काटी टुक्राएर पत्रु बनाई लैजानु पर्नेछ ।

१०. लिलाम सकार गरेको सवारी साधनको प्रचलित कानून बमोजिम दर्ता गराउने कार्य निज लिलाम सकारकर्ता कै हुनेछ । कुनै कारणवस त्यस्तो सवारी साधन दर्ता हुन नसकेमा कुनै क्षतिपूर्ति माग दावी गर्न पाइने छैन ।

११. सवारी साधन हेर्न चाहेमा बोलपत्र आव्हान भएको आठौं दिनबाट दिनको १४:०० बजे देखि १६:०० बजे सम्म कार्यालय खुलेको दिनमा हेर्न सकिनेछ ।

१२. कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः लिलामको सूचना प्रकाशित गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

भन्सार अधिकृत